आ.व. २०७६/०७७ को आठौं बैठक

आज मिति २०७६ साल मंसिर ३० गते साँझ ५ बजे रासी गाउँ कार्यपालिकाका अध्यक्ष श्री नुमानन्द सुवेदीज्यूको अध्यक्षता र तपसिल बमोजिमका सदस्यज्यूहरुको उपस्थितिमा गाउँ कार्यपालिकाको बैठक वस्यो । बैठकको उपस्थिति प्रस्ताव एवं निर्णयहरु तपसिल बमोजिम रहेका छन ।

## उपस्थिति

अध्यक्ष श्री नुमानन्द सुवेदी, रासी गाउँकार्यपालिका ।

उपाध्यक्ष श्री जगदम्वाकुमारी चौधरी ,रासी गाउँ कार्यपालिका ।

सदस्य श्री टेकबहादुर कुमाल,रासी गाउँ कार्यपालिका ।

सदस्य श्री बेदप्रसाद चौधरी, रासी गाउँ कार्यपालिका ।

सदस्य श्री बिष्णुबहादुर घर्ति क्षेत्री, रासी गाउँ कार्यपालिका ।

सदस्य श्री कुवारी देवी कार्की, रासी गाउँ कार्यपालिका ।

सदस्य श्री जगतबहादुर थापा, रासी गाउँकार्यपालिका ।

सदस्य श्री विष्णु गुरुङ्ग, रासी गाउँकार्यपालिका ।

सदस्य श्री ताराबहादुर डि.सी, रासी गाउँकार्यपालिका ।

सदस्य श्री गोकर्णबहादुर रानामगर, रासी गाउँकार्यपालिका ।

सदस्य श्री गोवर्धन रावत, रासी गाउँकार्यपालिका ।

सदस्य श्री विद्याशरण चौधरी, रासी गाउँकार्यपालिका ।

सदस्य श्री सुनितामल्ल, रासी गाउँकार्यपालिका ।

सदस्य श्री ताराकुमारी चौधरी, रासी गाउँकार्यपालिका ।

सदस्य श्री चन्दर चौधरी, रासी गाउँकार्यपालिका ।

सदस्य श्री रिमबहादुर सुनारी मगर, रासी गाउँकार्यपालिका ।

सदस्य श्री संजिव परियार, रासीगाउँ कार्यपालिका ।

सचिव श्री राम प्रसाद शर्मा, रासी गाउँ कार्यपालिका ।

आमन्त्रित

निर्णयहरु :

निर्णय नं.१: सडक बोर्ड नेपालबाट प्राप्त हुने रकम रु ७ लाखसम्म निम्न आयोजना गर्ने निर्णय गरियो ।

क. वडा नं. को मसुरिया खुरुरिया जाने सानो नदीमा कलभर्ट ।

ख. भुल्के जाने गजुवा खोलामा कलभर्ट निर्माण गर्ने निर्णय गरियो ।

निर्णय नं.२: घरनक्सा पास गर्ने सम्बन्धमा वडा नं. १ का प्राविधिकले सेवा करार अन्त्य गरि सेवाबाट अलग भएको र आयोजनाको लागत स्टिमेट तथा घरको अभिलेखिकरणका लागि आवश्यक पर्ने नक्सा निर्माण गर्नुपर्ने भएको हुँदा लोक सेवा आयोगबाट पदपुर्ति नभएसम्मका लागि प्राविधिक गाउँपालिकाबाट छनौट गर्ने निर्णय गरियो ।

निर्णय नं. ३: श्रीनारायण चोकदेखि देवीकोट जाने सडकमा राखिएका श्रमिकको पारिश्रमिक गाउपालिकाको मर्मत सुधार कोषबाट प्रदान गर्ने निर्णय गरियो ।

निर्णय नं. ४: खानेपानी सरसफाई तथा स्वच्छतन कार्यविधि योजना अनुसारको कार्यक्रम कार्यान्वयन सम्बन्धमा छलफल गर्दा प्रत्येक वडामा सम्बन्धित वडाले आवश्यकताको आधारमा तथ्याङ्क संकलक (गणक) छनौट वडा कार्यालयको सिफारिसमा गाउँपालिकाबाट नियुक्ति गर्ने र छनौट भएका कर्मचारीको लागि तलब सुविधा पहाडी भागतर्फ रु.६० र तराई भागमा रु ५० का दरले खानेपानी शिर्षकको स्रोत व्यवस्थापन गर्ने निर्णय गरियो ।

निर्णय नं. ५: - प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तरगत आ.व.२०७६/७७ को लागि वडा नं.४,५ र ७ बाट सिफारिस भई आएका कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजनाहरु मध्येबाट निम्न आयोजनाहरु श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, प्रधानमन्त्री रोजगार कार्यक्रमको लागि सिफारिस गर्ने निर्णय गरियो ।

१.भिमबनैचा भित्र पोखरी निर्माण ।

२. सिँगे, पहरुवा सिँचाईको कुलो मर्मत सम्भार ।

३. खौराहाबाबा पर्यटकीय स्थलमा फुलबारी स्थापना गर्ने काम ।

४. राप्ती नदी तटिय क्षेत्र तथा खेल मैदान वरिपरि वृक्षरोपण गर्ने ।